निर्णय नं. १

वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट सिफारिस भई आएका आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐन तथा विनियोजन ऐन स्वीकृत गर्ने निर्णय गरियो ।

(क) आर्थिक ऐन

# धनकुटा नगरपालिकाको आर्थिक ऐन, २०७९

प्रस्तावना :

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर, शुल्क, दस्तुर, भाडा आदि सङकलन गर्ने, छुट दिने तथा आय सङकलनको प्रशासनिक ब्यबस्था गर्न वाञ्छनीय भएकोले ,नेपालको सविधानको धारा २२८ को उपधारा (२) बमोजिम धनकुटा नगरपालिकाको नगरसभामा पेश गर्ने गरी यो आर्थिक ऐन, २०७९ तयार गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो बिधेयकको नाम **आर्थिक ऐन, २०७९** रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भएपछि धनकुटा नगरपालिका क्षेत्रमा मिति २०७९ साल श्रावण १ गतेदेखि लागु हुनेछ ।

**२. सम्पती कर :**

धनकुटा नगरपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिमको दर अनुसार सम्पती कर सङकलन गरिनेछ ।

**३. भूमि कर तथा मालपोत :**

धनकुटा नगरपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम भूमि करको दर अनुसार कर संकलन गरिनेछ । भुमिकर तथा मालपोत कर निर्धारण गर्दा जग्गाको मुल्याङकनको आधारमा गरिने छ । जग्गाको मुल्य निर्धारण गर्दा नगरपालिकाले निर्धारण गरेको जग्गाको न्युनतम मुल्यांकन दर तथा करदाताले स्वः घोषणा गरेको मूल्य समेतको आधारमा तय गरिने छ ।

**४.घर जग्गा बहाल कर :**

धनकुटा नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल करको दर अनुसार कर सङकलन गरिनेछ ।

**५. ब्यबसाय कर :**

धनकुटा नगरपालिका क्षेत्रभित्र ब्यापार, ब्यबसाय वा सेवामा ब्यवसाय वा सेवाको किसिम, श्रेणी, ब्यवसाय सञ्चालन भएको क्षेत्र र लगानी भएको पुजी समेतका आधारमा अनुसूची (३) बमोजिम ब्यबसाय करको दर अनुसार कर संकलन गरिनेछ

**६.जडीबुटी, कवाडी, जीबजन्तु कर :**

धनकुटा नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको ब्यबसायिक कारोबार गरेबापत अनुसूची (४) बमोजिम करको दर अनुसार कर संकलन गरिनेछ ।

**७. सवारी साधन कर :**

धनकुटा नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन करको दर अनुसार कर सङकलन गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा ब्यबस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**

धनकुटा नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन करको दर अनुसार कर संकलन गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा ब्यबस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**९ .बहाल बिटौरी शुल्क :**

धनकुटा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसुची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको ब्यबस्था अनुसार बहाल बिटौरी शुल्क सङकलन गरिनेछ ।

**१०. पार्किङ शुल्क/पुर्वाधार उपयोग शुल्क/नगरप्रवेश शुल्क :**
धनकुटा नगरपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ सुबिधा उपलब्ध गराएर बापत वा नगरपालिकाले संरक्षण र मर्मत संभार गरेका सडकहरु प्रयोग गरेवापत वा नगरक्षेत्र प्रवेश गरेबापत अनुसूची (८) बमोजिम पार्किङ /पुर्वाधार उपयोग/नगरप्रवेश शुल्क करको दर अनुसार कर संकलन गरिनेछ ।

**११. सेवा शुल्क दस्तुर :**
धनकुटा नगरपालिकाले निर्माण, सञ्चालन ब्यबस्थापन गरेका अनुसुची (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा ब्यबस्था भए अनुसार शूल्क दर अनुसार सङकलन गरिनेछ ।

**१२. कर/राजश्व छुट :**
धनकुटा ऐन बमोजिम कर वा गैह्र कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुले बुझाउने कर वा गैह्र कर बिषेश कारणले छुट दिन पर्ने भएमा औचित्यताको आधारमा नगरकार्यपालिको सिफारिसमा नगरसभाले निर्णय गरी छुट वा मिन्हा दिन सक्नेछ ।

**१३.कर तथा शुल्क सङकलन सम्बन्धी कार्यबिधि :**
यो ऐनमा उल्लेख भएकोमा यसै बमोजिम कर तथा शुल्क सङकलन हुनेछ भने नभएकोमा नगरपालिकाले कार्यबिधि तयार गरी लागू गर्न सक्नेछ ।

**१४.राजश्व प्रशासन :**
राजश्व प्रसाशनलाई निम्नानुसार व्यवस्थित र प्रभावकारी बनाइने छ ।

क. ) राजश्व सङकलनसँग सम्वन्धित शाखा/ईकाई लगायत वडा कार्यालयहरु समेतलाई श्रोत साधन, शिपयुक्त जनशक्ति र यान्त्रीकरणयुक्त बनाउदै राजश्व प्रशासन चुस्त दुरुस्त बनाउन पहल गरिने छ ।

ख.) राजश्वको दायरा फराकिलो बनाउन सम्भाब्यता अध्ययन, स्थलगत सर्भेक्षण र तालिम सञ्चालन गरिने छ ।

ग.) नगरका दीर्घकालिन आयका क्षेत्रहरु जस्तै ब्यापारिक भवन, सेड, हाटवजार, सार्वजनिक सौचालय, पार्क उद्यान आदिको निर्माण, संरक्षण मर्मत संभारमा जोड दिईनेछ ।

घ.) कर प्रणालीलाई बिश्वसनिय, पारदर्शी र छिटोछरितो बनाई करदाताहरुको सन्तुष्टिको तह बृद्धि गर्न सवै कर क्षेत्रहरुलाई सफ्वेयर प्रणाली मार्फत तथ्यांक ब्यवस्थित गर्ने कार्यमा सहजीकरण, नियमन र करका दायरा वृद्मिमा आवश्यक कार्य गरिने छ ।

ङ.) नियमित कर बुझाउने करदाताहरु को संख्यात्मक बृद्धि गर्दै आय अभिबृद्धि गर्न आवश्यक पर्ने करदाता शिक्षा कार्यक्रम, कर अभिमुखिकरण, कर उत्प्रेरणा कार्यक्रम, करदाता सम्मान र पुरस्कार तथा आवश्यक कर सम्वन्धी सूचनाहरु सञ्चार सम्प्रेषण गरिने छ ।

२०७९/०८० को आय

| सि.नं. | शीर्षक | आ.व. २०७९/०८० कोअनुमान | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ३३१८०००० | |
| २ | घर जग्गा रजिष्टेशन दस्तुर- मालपोत | ७०००००० | |
| ३ | बाँडफाँड भई प्राप्तहुने मूल्य अभिबृद्धि कर | १०१४८४००० | |
| ४ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८१२४००० | |
| ५ | संघिय सरकार शसर्त अनुदान | ३११८००००० | |
| ६ | संघिय सरकार समानिकरण अनुदान | १४७६००००० | |
| ७ | संघिय सरकार समपुरक अनुदान- | ११०००००० | |
| ८ | प्रदेश सरकार शसर्त अनुदान | ५८३७००० | |
| ९ | प्रदेश सरकार समपुरक अनुदान पुँजीगत | १००००००० | |
| १० | प्रदेश सरकार समानिकरण अनुदान | ८०४०००० | |

| | | | |
|---|---|---|---|
| ११ | गत वर्षको नगद अ ल्या | ४०००००० | |
| १२ | सडक वोर्ड | ६०००००० | |
| | आगामि आ.ब.मा जम्मा बजेट सिमा | ६५४०६५००० | |

अनुसुची-१

(स्थानीय सरकार सञ्चालन ऐनको दफा (५५ र ५६) सँग सम्बन्धित)

१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पत्तिकर तथा भुमीकरको दररेट

| क्र.स. | मुल्यांकन रकम | | | सम्पत्तिकर/भूमीकरको दर बार्षिक रु. |
|---|---|---|---|---|
| १ | १ → | देखि | १ लाख २५ हजार सम्म | २५ |
| २ | १ लाख २५ हजार १ | देखि | १ लाख ५० हजार सम्म | ३० |
| ३ | १ लाख ५० हजार १ | देखि | १ लाख ७५ हजार सम्म | ३५ |
| ४ | १ लाख ७५ हजार १ | देखि | २ लाख सम्म | ४० |
| ५ | २ लाख १ | देखि | २ लाख २५ हजार सम्म | ४५ |
| ६ | २ लाख २५ हजार १ | देखि | २ लाख ५० हजार सम्म | ५० |
| ७ | २ लाख ५० हजार १ | देखि | ३ लाख सम्म | ६० |
| ८ | ३ लाख १ | देखि | ३ लाख ५० हजार सम्म | ७० |
| ९ | ३ लाख ५० हजार १ | देखि | ४ लाख सम्म | ८० |
| १० | ४ लाख १ | देखि | ४ लाख ५० हजा सम्म | ९० |
| ११ | ४ लाख ५० हजार १ | देखि | ५ लाख सम्म | १०० |
| १२ | ५ लाख १ | देखि | ६ लाख सम्म | १२० |
| १३ | ६ लाख १ | देखि | ७ लाख सम्म | १४० |
| १४ | ७ लाख १ | देखि | ८ लाख सम्म | १६० |
| १५ | ८ लाख १ | देखि | ९ लाख सम्म | १८० |
| १६ | ९ लाख १ | देखि | १० लाख सम्म | २०० |
| १७ | १० लाख १ | देखि | १२ लाख सम्म | २५० |
| १८ | १२ लाख १ | देखि | १४ लाख सम्म | २८० |
| १९ | १४ लाख १ | देखि | १६ लाख सम्म | ३२० |
| २० | १६ लाख १ | देखि | १८ लाख सम्म | ३६० |
| २१ | १८ लाख १ | देखि | २० लाख सम्म | ४०० |
| २२ | २० लाख १ | देखि | २२ लाख सम्म | ५०० |
| २३ | २२ लाख १ | देखि | २४ लाख सम्म | ६२५ |
| २४ | २४ लाख १ | देखि | २६ लाख सम्म | ७५० |
| २५ | २६ लाख १ | देखि | २८ लाख सम्म | ८७५ |
| २६ | २८ लाख १ | देखि | ३० लाख सम्म | १००० |
| २७ | ३० लाख १ | देखि | ३४ लाख सम्म | १२०० |
| २८ | ३४ लाख १ | देखि | ३८ लाख सम्म | १६५० |
| २९ | ३८ लाख १ | देखि | ४२ लाख सम्म | २१०० |
| ३० | ४२ लाख १ | देखि | ४६ लाख सम्म | २५५० |
| ३१ | ४६ लाख १ | देखि | ५० लाख सम्म | ३००० |
| ३२ | ५० लाख १ | देखि | ६० लाख सम्म | ३५०० |
| ३३ | ६० लाख १ | देखि | ७० लाख सम्म | ५१२५ |
| ३४ | ७० लाख १ | देखि | ८० लाख सम्म | ६७५० |
| ३५ | ८० लाख १ | देखि | ९० लाख सम्म | ८३७५ |
| ३६ | ९० लाख १ | देखि | १ करोड सम्म | १०,००० |

| | | | | |
|---|---|---|---|---|
| ३७ | १ करोड १ | देखि | १ करोड २० लाख सम्म | १२,००० |
| ३८ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख सम्म | १४,००० |
| ३९ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख सम्म | १६,००० |
| ४० | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख सम्म | १८,००० |
| ४१ | १ करोड ८० लाख १ | देखि | २ करोड सम्म | २०,००० |
| ४२ | २ करोड १ | देखि | २ करोड ५० लाख सम्म | २५,००० |
| ४३ | २ करोड ५० लाख १ | देखि | ३ करोड सम्म | ३२,००० |
| ४४ | ३ करोड १ | देखि | ३ करोड ५० लाख सम्म | ३९,००० |
| ४५ | ३ करोड ५० लाख १ | देखि | ४ करोडसम्म | ४६,००० |
| ़४६ | ४ करोड १ | देखि | ४ करोड ५० लाख सम्म | ५३,००० |
| ४७ | ४ करोड ५० लाख १ | देखि | ५ करोडसम्म | ६०,००० |
| ४८ | ५ करोड १ रुपैया देखि माथि २ दूई रुपैया प्रति हजार | | | |

२. सम्पत्तिकर/ भुमीकरको दर निर्धारण सम्बन्धी व्यवस्था :

१. घर/ जग्गाको आकार, प्रकार, बनौट वा उपयोग वा उत्पादनसिलता को अवस्था ।

२. नागरिकको जीवनस्तर, आर्थिकस्तर र खर्च गर्न सक्ने क्षमता ।

३. अचल सम्पत्तिको प्रचलित बजार मूल्य

४. प्रत्येक आर्थिक बर्षको श्रावण १ गते देखि उक्त आर्थिक बर्ष भित्रमा करदाताको नाममा रहेको जग्गामा बनेको संरचना र संरचनाले ओगटेको जग्गाको दोब्वर क्षेत्रफल बराबरको जग्गालाई सम्पत्तिकर र बाँकी जग्गालाई भुमीकर योग्य सम्पत्ति मानी त्यसै बमोजिम मूल्याङ्कनका आधारमा कर निर्धारण गरिनेछ ।

५. नगरपालिका क्षेत्रमा करदाताहरुको सम्पत्तिकरको मुल्यांकन गर्दा प्रचलित बजार मुल्य र जग्गा रजिष्ट्रेशन प्रयोजनको दररेट समेतलाई आधार मानी स्वघोषणा बिधिद्धारा गरिने छ ।

६. मूल्याङ्कन समितिले क्षेत्र विभाजन गरी कायम गरेको जग्गाको न्यूनतम मुल्याङ्कनलाई जग्गाको मूल्याङ्कनको मुख्य आधारको रुपमा लिइनेछ ।

अनुसूची-२

(स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ सँग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने घरजग्गा बहाल करको दर**

| **क.सं** | **विवरण** | **प्रतिसत.** |
|---|---|---|
| क. | धनकुटा नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धीत धनी वा बहालवालाबाट लिने बहालकर | १० (दश) |

अनुसूची-३

(स्थानीय सरकार सञ्चालन ऐनको दफा दफा ५८ सँग सम्बन्धित)

## व्यवसाय करको दर

१. खूद्रा किराना पसल

श्रेणी क. रु. १२००।००

श्रेणी ख. रु. १०००।००

श्रेणी ग. रु. ८००।००

२. थोक किराना

श्रेणी क. रु. २०००।००

श्रेणी ख. रु. १५००।००

३. होटल एण्ड लज

श्रेणी क. रु. २०००।००

श्रेणी ख. रु. १६००।००

श्रेणी ग. रु. १२००।००

४. होटल

| | | |
|---|---|---|
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| ५. | लज व्यवसाय | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ६. | रिसोर्ट | |
| | श्रेणी क. | रु. ६०००।०० |
| | श्रेणी ख. | रु. ४०००।०० |
| ७. | रेष्टुरेण्ट | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| ८. | चिया नास्ता पसल | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ४००।०० |
| ९. | कपडा(थान) पसल | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| १०. | फेन्सी तथा तयारी पोशाक | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| ११. | श्रृगार पसल (कस्मेटिक) | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| १२. | निर्माण सामाग्री तथा हार्डवेयर पसल | |
| | श्रेणी क. | रु. ५०००।०० |
| | श्रेणी ख. | रु. ३५००।०० |
| | श्रेणी ग. | रु. २५००।०० |
| १३. | भाडावर्तन पसल | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| १४. | सून, चांदी आदिको गहना बनाउने तथा बिक्री गर्ने पसल | |
| | श्रेणी क. | रु. ४०००।०० |
| | श्रेणी ख. | रु. ३०००।०० |
| | श्रेणी ग. | रु. २०००।०० |
| १५. | पत्रिका तथा पूस्तक पसल तथा स्टेशनरी पसल | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| १६. | फोटो स्टुडियो | |
| | श्रेणी क. | रु. १०००।०० |

श्रेणी ख. रु. ८००।००

*कलरल्याव मेशिन सहितको फोटो स्टूडियो* रु. २५००।००

१७ <u>फोटोकपी टेलिफोन सेवा तथा कुरियार्स</u>

श्रेणी क. रु. ८००।००

श्रेणी ख. रु.५००।००

१८. <u>कम्प्यूटर तालिम तथा प्रशिक्षण</u> केन्द्र

श्रेणी क. रु. ३०००।००

श्रेणी ख. रु. २०००।००

श्रेणी ग. रु. १०००।००

१९. <u>सिलाई वूनाई तथा पेन्टिङ प्रशिक्षण</u>

श्रेणी क. रु. ८००।००

श्रेणी ख. रु. ५००।००

२०. <u>घडी, रेडियो क्यासेट आदि विक्री</u>

श्रेणी क. रु. २०००।००

श्रेणी ख. रु. १५००।००

श्रेणी ग. रु. १०००।००

२१. <u>घडी, रेडियो टि.भी. मर्मत</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ८००।००

श्रेणी ग. रु. ६००।००

२२. <u>पेट्रोमेक्स, स्टोभ, कूकर मर्मत</u>

श्रेणी क. रु. ८००।००

श्रेणी ख. रु. ५००।००

२३. <u>मोटरसाईकल/स्कूटर, ट्याम्पो मर्मत</u>

श्रेणी क. रु. १५००।००

श्रेणी ख. रु. १०००।००

२४. <u>गाडीको टायर ट्यूव मर्मत</u>

श्रेणी क. रु. १५००।००

श्रेणी ख. रु. १०००।००

२५. <u>ग्रिल सम्बन्धी मर्मत तथा निर्माण(गृल उद्योग)</u>

श्रेणी क. रु. २५००।००

श्रेणी ख. रु. २०००।००

२६. <u>जूत्ता चप्पल बनाउने/बिक्रि पसल</u>

श्रेणी क. रु. १२००।००

श्रेणी ख. रु. १०००।००

श्रेणी ग. रु. ८००।००

२७. <u>अन्य विविध मर्मत</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ८००।००

२८. <u>टेलिभिजन विक्री</u>

श्रेणी क. रु. २०००।००

श्रेणी ख. रु. १५००।००

२९. <u>अटो वर्कशप(सवारीसाधन मर्मत)</u>

श्रेणी क. रु. ५०००।००

श्रेणी ख. रु. ३०००।००

३०. <u>चिया नास्ता, खूद्रा तथा मिश्रित साना पसल</u>

श्रेणी ख. रु. ८००।००

श्रेणी ग. रु. ५००।००

३१. <u>सब्जीपसल</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ६००।००

सब्जी थोक विक्री वार्षिक रु. २०००।००

३२. <u>मासू पसल</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ५००।००

३३. <u>विउ बिजन, कृषि सामाग्री बिक्रि(एग्रोभेट)</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ८००।००

श्रेणी ग. रु. ५००।००

३४. <u>कोल्ड ड्रिंक खूद्रा (चिसोपेय)</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ८००।००

३५. <u>सैलून</u>

श्रेणी क. रु. १५००।००

श्रेणी ख. रु. १०००।००

३६. <u>फर्निचर पसल</u>

श्रेणी क. रु. २५००।००

श्रेणी ख. रु. १८००।००

३७. <u>पान पसल</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ८००।००

३८. <u>कपडा सिलाई (टेलर्स)</u>

श्रेणी क. रु. १३००।००

श्रेणी ख. रु. १०००।००

श्रेणी ग. रु. ५००।००

३९. <u>अधिकृत विक्रेता (डिलर) वार्षिक</u>

श्रेणी क. रु. ४०००।००

श्रेणी ख. रु. ३०००।००

श्रेणी ग. रु. २५००।००

(मदिरा र चुरोटको डिलरलाई अनिवार्य क श्रेणीमा गर्ने)

४०. <u>डिजल मटितेल, पेट्रोल पम्प</u> रु. ८०००।००

४१. <u>ऊन होजियारी पसल</u>

श्रेणी क. रु. ६००।००

श्रेणी ख. रु. ४००।००

४२. <u>औषधी पसल</u>

श्रेणी क. रु. १५००।००

श्रेणी ख. रु. १०००।००

श्रेणी ग. रु. ८००।००

४३. <u>क्यारामवोर्ड पसल</u>

श्रेणी क. रु. ८००।००

| | | |
|---|---|---|
| | श्रेणी ख. | रु. ५००।०० |
| ४४. | <u>चटपटे</u> | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ४५. | <u>पूल/ स्नुकर हाउस</u> | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ४६. | <u>कूटन/ पिसन/ तेलहन मिल</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ४७ | <u>.हस्तकलाका सामानको पसल</u> | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ४८. | <u>बिस्कूट पाउराटी उद्योग</u> | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ४९. | <u>नूडल्स उद्योग</u> | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५०. | <u>दाना उद्योग वा पसल</u> | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५१. | <u>ईटा टायल उद्योग</u> | |
| | श्रेणी क. | रु. ८०००।०० |
| | श्रेणी ख. | रु. ५०००।०० |
| ५२. | <u>फर्निचर उद्योग</u> | |
| | श्रेणी क. | रु. ३०००।०० |
| | श्रेणी ख. | रु. २५००।०० |
| ५३. | <u>घरेलू उद्यम (सुति कपडा, मैनबत्ति, अचार, वेतवास, आदी सम्बन्धि)</u> | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ५४. | <u>पोल्ट्री फर्म(कूखूरा तथा अण्डा उत्पादन)</u> | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५५. | <u>विरुवा नर्सरी</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ७००।०० |
| ५६ | <u>खूकूरी उद्योग</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ५७ | <u>चिया उद्योग</u> | |
| | श्रेणी क. | रु. २०,०००।०० |
| | श्रेणी ख. | रु. १५०००।०० |
| ५८ | <u>अन्य उद्योग(उल्लेखित बाहेक)</u> | |
| | श्रेणी क. | रु. १५००।०० |

| | | |
|---|---|---|
| | श्रेणी ख. | रु. १०००।०० |
| ५९. | <u>अंगूरा खरायो फार्म</u> | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ६०. | <u>गिफ्ट पसल</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ६१. | <u>ड्राई क्लिनिङ</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ६२. | <u>ढूवानी सेवा</u> | |
| | श्रेणी क. | रु. ३५००।०० |
| | श्रेणी ख. | रु. २५००।०० |
| ६३. | <u>सिनेमाहल</u> | |
| | ठुलो पर्दा | रु. ५०००।०० |
| | सानो पर्दा | रु. ३०००।०० |
| ६४. | <u>प्राईभेट क्लिनिक</u> | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| ६५. | <u>छापाखाना तथा प्रेस</u> | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| ६६. | <u>पेन्टिङकला केन्द्र/फ्लेस प्रिन्ट</u> | |
| | श्रेणी क. (अपसेट) | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ६७. | <u>कानूनी तथा प्राविधिक कन्सल्टेन्सी (परामर्स)</u> | |
| | श्रेणी क. | रु. ३०००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |
| ६८. | <u>निर्माण व्यवसाय फर्म घ वर्गको</u> | |
| | यस न.पा.मा प्रधान कार्यालय भएको | रु. ३०००।०० |
| ६९. | <u>निजी प्रयोगशाला (ल्याव) **X-Ray** सञ्चालन</u> | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ७०. | <u>विज्ञापन सेवा</u> | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ७१. | <u>वित्तिय सेवा वार्षिक कर</u> | |
| | श्रेणी क(बाणिज्य बैक) | रु. २०,०००।०० |
| | श्रेणी ख(बिकास बैक) | रु. १५०००।०० |
| | श्रेणी ग(लघुबित्त संस्था/बिमा संस्था) | रु. १०,०००।०० |
| | श्रेणी घ(बचत तथा ऋण सहकारी संस्था) | रु. ५०००। |
| | श्रेणी ङ(उपभोक्ता सहकारी,कृषि तथा दूग्ध सहकारी) | रु. २५००। |
| ७२. | <u>जडीबूटी व्यापार (चिराईतो,अलैची आदि)</u> | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |

७३. <u>अन्य सेवामूलक व्यवसाय</u>

( वैदेशिक रोजगार सेवा वार्षिक रु. ५०००।००

( स्वदेशी रोजगार सेवा वार्षिक रु. २०००।००

( जग्गा खरिद विक्री व्यवसाय रु. ५०००।००

७४. <u>व्यूटी पार्लर</u>

श्रेणी क. रु. १०००।००

श्रेणी ख. रु. ८००।००

७५. <u>उर्जामूलक उद्योग र व्यवसाय</u>

श्रेणी क. रु. ५०००।००

श्रेणी ख. रु. ३०००।००

७७. <u>निजी क्षेत्रका क्याम्पस</u>

श्रेणी क. रु. १०,०००।००

श्रेणी ख. रु. ५०००।००

७८. <u>भाषा प्रशिक्षण तथा कोचिङ्ग/ट्युसन सेन्टर</u>

श्रेणी क. रु. २५००।००

श्रेणी ख. रु. २०००।००

७९. <u>नसिङ्ग होम(निजी अस्पलात)</u>

श्रेणी क. रु. १०,०००।००

श्रेणी ख. रु. ५०००।००

८०. <u>मदिरा खुद्रा विक्री</u>

श्रेणी क. रु. २०००।००

श्रेणी ख. रु. १५००।००

८१. <u>कम्प्युटर विक्री</u>

श्रेणी क. रु. ५०००।००

श्रेणी ख. रु. ३०००।००

८२. <u>मोवाईल/ सिम विक्री</u>

श्रेणी क. रु. ३०००।००

श्रेणी ख. रु. २०००।००

८३. <u>सवारी साधन विक्रेता</u>

श्रेणी क. रु. ८०००।००

श्रेणी ख. रु. ५०००।००

८४. <u>दुध संकलन केन्द्र वार्षिक</u>

श्रेणी क. रु. १५००।००

श्रेणी ख. रु. १०००।००

८५. <u>सवारी साधनका पार्टपुर्जा विक्री</u>

श्रेणी क. रु. १५००।००

श्रेणी ख. रु. १०००।००

८६. <u>शीत भण्डार</u>

श्रेणी क. रु. २०००।००

श्रेणी ख. रु. १५००।००

८७. <u>साईवर व्यवसाय</u>

श्रेणी क. रु. १५००।००

श्रेणी ख. रु. १०००।००

८८. <u>कृषी उपज खरिद विक्री व्यवसाय</u>

क श्रेणी बार्षिक रु. ३०००।००

ख श्रेणी बार्षिक रु. २०००।००

८९. बहुउदेश्यीय एग्रो फर्म (उद्योग)

क श्रेणी बार्षिक रु. ५०००।००

ख श्रेणी बार्षिक रु. रु. ३५००।००

ग श्रेणी बार्षिक रु. २०००।००

९०. मनि ट्रान्स्फर सेवा

क श्रेणी बार्षिक रु. ३०००।००

ख श्रेणी बार्षिक रु.२०००।००

ख श्रेणी रु.१०००।००

९१. ब्यवसायिक कृषि तथा पशुपालन ब्यवसाय

क श्रेणी रु. १५००।

ख श्रेणी रु. १०००।

९२. फलफुल पसल

क श्रेणी रु.१०००।००

ख श्रेणी रु ८००।००

९३ .दुग्ध उत्पादन बिक्रि पसल

क श्रेणी रु. १५००।००

ख श्रेणी रु.१०००।००

९४. कानुनी परामर्श दाता रु. १५००।००

९५. निजी एफ.एम./रेडियो

क श्रेणी रु. ३०००।००

ख श्रेणी रु. २०००।००

९६. सन्चार सेवा बार्षिक रु. ५०००।००

९७. निजी पत्रिका प्रकाशन बार्षिक रु. १५००।००

९८. कला(नृत्य,गायन,अभिनय आदी) प्रशिक्षण केद्र

क श्रेणी रु.२०००।००

ख.श्रेणी रु.१५००।००

९९. केवल नेटवर्क ब्यवसाय रु.५०००।००

१००. एन.सि.एल. (टावर सहित सेवा सन्चालन) रु. ५०,०००।००

१०१. online Network ब्यवसाय रु.५०००।००

१०२. यातायात सम्वद्ध ब्यवसायिक कम्पनी बार्षिक रु. २५००।००

१०३. बिद्युतिय समान(ईलेक्ट्रोनिक पसल)

क श्रेणी रु. ३,०००।००

ख श्रेणी रु. २०००।००

ख श्रेणी रु. १०००।००

१०५. ड्राईभिङ तालिम ब्यवसाय

क श्रेणी रु३०००।००

ख श्रेणी रु२०००।००

१०६. चस्मा पसल

क श्रेणी रु.१०००।००

ख श्रेणी रु ५००।००

१०७. पेन्टिङ(रङरोकन) बिक्रि

क श्रेणी रु. २,०००।-

ख श्रेणी रु. १५००।-

१०८.सर्जिकल हार्डवेयर

क श्रेणी रु. २५००।-

ख श्रेणी रु. २०००।-

१०९. खाद्य सामाग्री(कृषि उपज) बिक्रि

क श्रेणी रु. १५००।

ख श्रेणी रु. १०००।

११०. जेसिभि(हेवी उपकरण) पार्टपुर्जा बिक्री रु.३५००।

१११. कृषक तथा पशुपंक्षी समुह दर्ता

क श्रेणी रु. ५००।-

ख श्रेणी रु. ३००।-

११२. ईलेक्ट्रीकल सामानको पसल

क श्रेणी रु. ३०००।-

ख श्रेणी रु. २०००।-

११३. ईलेक्ट्रोनिक्स सामानहरुको पसल

क श्रेणी रु. ४०००।-

ख श्रेणी रु. ३०००।-

माथि उल्लेख भए बाहेका अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु. ५००।- देखि १०,०००।- सम्म लिने ।
व्यवसाय कर बक्यौतामा बक्यौताको अवधि हेरी १०% देखि ५०% सम्म जरिवाना लिने ।) .

**३) ब्यवसाय कर निर्धारण र कर अशुली सम्वन्धि ब्यवस्था :**

क . ब्यवसाय सन्चालन गरिएको क्षेत्र, ब्यवसायको किसिम र लगानीको अवस्था समेतको आधारमा प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीले श्रेणी निर्धारण गरी तोकिएको कर अशुली गरिनेछ ।

ख.आर्थिक वर्षगत रुपमा बुझाउनु पर्ने कर सोही आर्थिक बर्षमा नबुझाएका उक्त करलाई बक्यौताको रुपमा अभिलेखिकरण गरिनेछ ।

ग. ब्यवसाय दर्ता गर्नका लागि सम्वन्धित ब्यवसायीले ब्यवसाय दर्ता आवेदन फाराम साथ नागरिकताको प्रमाण पत्र, ब्यवसाय बहालमा भए बहाल सम्झौता पत्र, सम्वन्धित घर/जग्गाको प्रमाणपत्र,मन्जुरीनामा, स्थलगत सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस तथा अन्य सम्वन्धित कागजातहरु मध्ये ब्यवसायको प्रकृतिका आधारमा सवै वा केहि कागजातहरु आवेदन साथ संलग्न गर्नेछ ।

घ.ब्यवसाय सन्चालन गर्ने ब्यवसायिको मुत्यु भएमा, पसल/ब्यवसाय बिक्रि गरेमा वा निजले मञ्जुरीनामा दिएमा दोश्रो ब्यक्तिमा नामसारी गर्न सकिने छ ।

ङ. ब्यवसायिले ब्यवसाय छोडेमा वा मृत्यु भएमा सम्वन्धित वडाको सिफारिस र आवेदनका आधारमा ब्यवसायको लगत कट्टा गरिने छ ।

च.ब्यवसायको लगत कट्टा वा नामसारी गर्दा त्यस आर्थिक बर्ष सम्म कर बुझाउने दायित्व भएको सम्वन्धित ब्यक्ति वा निजको एकाघरको हकवाला ब्यक्ति वा सम्वन्धित ब्यक्तिसंग ब्यवसायको सम्पुर्ण बाँकी बक्यौता कर तथा शुल्क अशुल गरिने छ ।

## अनुसूची-४

**(स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ संग सम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडिवुटी, कवाडि, जीवजन्तु करको दर**

यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको ब्यबसायिक कारोबार गरेबापत वार्षिक रु ३०००। का दरले कर लगाईने र असुल गरिनेछ । कवाडी मालको हकमा वार्षिक रु ५०००। दरले कर लगाईने र असुल गरिनेछ।

## अनुसूची-५

**(स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ सँग सम्बन्धित)**

**सवारी साधन कर**

(छ) पावर टेलर वार्षिक रु. ३०००

(ज) अटो रिक्सा वार्षिक रु. ३०००

## अनुसूची-६

**(स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ सँग सम्बन्धित)**

### विज्ञापन कर :

१. ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. रु १००।-

२. वाल पेन्ट विज्ञापन प्रति व.फि. रु १०।-

३. व्यानर ( बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा रु ५००।-

## अनुसूची-७

**(स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ सँग सम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने बहाल विटौरी शुल्क :-**

| क.सं | विवरण | प्रतिसत. |
|---|---|---|
| क. | नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत मासिक वहाल विटौरी लिने । | प्रति वर्गफिट रु. १० देखि १०० सम्म |

## अनुसूची- ८

**(स्थानीय सरकार सञ्चालन ऐनको दफा ६० सँग सम्बन्धित)**

### सवारी पार्किङ्ग/पुर्वाधार उपयोग/नगरप्रवेश शूल्क :

नगरपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्किङ स्थलमा निम्नानूसार पटके पार्किङ शूल्क लिने ।

- वस, ट्रक, मिनिवस, ट्याक्टर लगायत हेवी सवारी साधनमा १ पटकमा रु. ५०।००
- कार,जिप,भेन, ल्याण्डरोभर,आदी हल्का सवारी साधनमा १ पटकमा रु. ३०।००

(ठेकेदारले सवारी धनी तथा यातायात व्यवसायीहरुसंगको समन्वयमा एकैपटक बार्षिक शूल्क लिन सक्ने)

## अनुसूची-९

**(स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ सँग सम्बन्धित)**

**४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने शुल्क,सेवा शुल्क/ दस्तुर आदीको दररेट :**

**घर नक्सा पास दस्तुरः र शुल्क**

| सि.नं. | विवरण | स्विकृत दर रु. |
|---|---|---|
| १. | व्यापारिक क्षेत्रमा निर्माण गरिने पक्की घर प्रति वर्गफिट | रु. १०।- |
| २. | आवाशिय क्षेत्रमा निर्माण हुने पक्की घर प्रति वर्गफिट | रु. ८। |
| ३. | कृषि बा अन्य क्षेत्रमा निर्माण हुने पक्की घर प्रति वर्गफिट | रु.७। |
| ४. | सवै क्षेत्रमा निर्माण हुने कच्ची घर प्रति बर्गफिट | रु.४। |
| ५. | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क | रु. २०००।- |

**विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरहरु :**

| सि.नं. | सेवाको किसिम | प्रति एकाई दर रु. |
|---|---|---|
| १ | साँध सिमाना प्रमाणित (पक्की सडक क्षेत्र) | ५००।- थप प्रति कित्ता रु १००।- |
| २ | साँध सिमाना प्रमाणित (कच्चि सडक) | ३००।- थप प्रति कित्ता रु ५०।- |
| ३ | साँध सिमाना प्रमाणित (अन्य क्षेत्र) | ३००।- |
| ४ | नागरिकता प्रमाणपत्रको सिफारिस | १००। |
| ५ | जग्गा नामसारी सिफारिस | ५००। |
| ६ | नाम, थर संशोधन सिफारिस | ५००। |
| ७ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | १०००। |
| ८ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | ५००। |
| ९ | घर कायम (पक्की घर) | १०००।- |

| | | |
|---|---|---|
| १० | घर कायम (कच्ची घर) | ५००।- |
| ११ | घर नक्सा नामसारी पक्की दुई तला भन्दा वढीको लागि | २५००।- |
| १२ | पक्कीघर एकतले नक्सा नामसारी | १५००।- |
| १३ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | ५००।- |
| १४ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | २००।- |
| १५ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००।-एक रोपनी भन्दा माथि प्र.रो थप रु.१००।- |
| १६ | विद्युत जडानको सिफारिस दस्तुर | ५००।- |
| १७ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ५००।- |
| १८ | बैदेशिक रोजगारको लागि सिफारिस | ५००।- |
| १९ | परिवार ल्याएको/लगेको सिफारिस | ५००।- |
| २० | विवाह दर्ता सिफारिस (विदेशीसँग) | १०००।- |
| २१ | नाता प्रमाणित दस्तुर | ३००।- |
| २२ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १०००।- |
| २३ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- |
| २४ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | २०००।- |
| २५ | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | ५००।- |
| २६ | निजी विद्यालय सञ्चालनको सिफारिस | १०,०००।- |
| २७ | निजी विद्यालय कक्षाथपको सिफारिस | ५०००।- |
| २८ | मोही नामसारी सिफारिस | ५००।- |
| २९ | सम्बन्ध विच्छेदको सिफारिस | ३००।- |
| ३० | ठुला उद्योग स्थापनाको सिफारिस | ५०००।- |
| ३१ | मझौला उद्योग स्थापनाको सिफारिस | ३०००।- |
| ३२ | साना तथा घरेलु उद्योगको सिफारिस | ५००।- |
| ३३ | रुख काट्ने सिफारिस प्रति गोटा | १००।- |
| ३४ | हाँगा काट्ने स्वीकृती | ५००।- |
| ३५ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ३००।- |
| ३६ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- |
| ३७ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १०००।- |
| ३८ | अपुताली सिफारिस (नेपालको लागि) | १०००।- |
| ३९ | अपुताली सिफारिस (विदेशको लागि) | १५००।- |
| ४० | जन्म मृत्यू विवाह प्रमाणित तथा सिफारिस | ५००।- |
| ४१ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | ३००।- |
| ४२ | अंग्रेजी रुपान्तरण -प्रति आईटम | ५००।- |
| ४२ | ब्यवसाय नामसारी दस्तुर | ५००।- |
| ४३ | ब्यक्तिगत घटना दर्ता शुल्क (घटना भएको ३५ दिन पछी) | २००।- |
| ४४ | ब्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपी | ५००।- |

**५. धनकुटा नगरपालिका क्षेत्रको सडक कटान गर्ने स्वीकृती :**

- ४ मि. भन्दा बढि पिच कटान गर्ने स्वीकृती — रु. १०,०००।००
- ४ मि. सम्मलाई पिच कटान गर्ने स्वीकृती — रु. ५,०००।००
- ग्रावेल सडक कटान गर्न — रु. ३,०००।००
- ग्रावेल सडक छेउ कटान गर्न — रु. ५०००।००

- (उपरोक्त सडक कटान गर्दा प्राविधिक हिसावले भएको क्षतीमा नघट्ने गरी न.पा.ले तोकेको धरौटी राख्नु पर्ने छ । भत्किएको सडक सम्वन्धित पक्षले बनाउनू पर्ने छ  नवनाएमा धरौटी जफत गरी नगरपालिकाले बनाउने छ) ।

६. सेवा शुल्कको दर :

| सि.नं. | सेवाको किसिम | | स्वीकृत दर रु. |
|---|---|---|---|
| १ | घर नक्सापास पुस्तिका | | १०००।- |
| २ | पक्का घरको सर्जमिन वापत | | १०००।- |
| ३ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | ५००।- |
| ४ | सवै किसिमको कागजातको प्रतिलिपि | | १००।- |
| ५ | अचल सम्पत्ति मूल्याकंन/आय प्रमाणित प्रति हजार | | २।- |
| ६ | रकम कलम उढाईदिएवापतको शुल्क प्रतिहजार | | २।- |
| ७ | न.पा. कार्यक्रम हल(ठुलो) प्रति दिन | | १५००।- |
| ८ | ओभरहेड/मल्टीमिडिया प्रतिदिन | | १०००।- |
| ९ | निजी विद्यालयको वार्षिक शुल्क (मा.वि.) | | १०,०००।- |
| १० | निजी विद्यालयको वार्षिक शुल्क (नि.मा.वि.) | | ७,०००।- |
| ११ | निजी विद्यालयको वार्षिक शुल्क  (प्रा.वि.) | | ५,०००।- |
| १२ | नागरिकता अनुसूची तथा नि.फाराम | | १००।- |
| १३ | अन्य सवैखाले निवेदन फारामहरु प्रतिगोटा | | १०।- |
| १४ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | १०।- |
| १५ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | | २००।- |
| १६ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | | १००।- |
| १७ | न.पा.को श्रोत नक्सा A3साइज प्रति गोटा | | १००।- |
| १८ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | | ५००।- |
| १९ | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | | ३००।- |
| २० | टो.व.स. दर्ता शुल्क/नविकरण | | ५००।- |
| २१ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | | १००।- |
| २२ | स्थलगत प्राबिधिक सेवा शुल्क | | १०००।- |
| २३ | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | | २०००। |
| २४ | **पुर्वाधार उपयोग शुल्क** | उल्लेखित पूर्वाधार उपयोग शुल्क एकीकृत सम्पत्तिकर असुलीमा समावेश गर्ने | |
| | क. पक्की सहरी सडक क्षेत्र | | २००।- |
| | ख. कच्ची सडक क्षेत्र | | ५०।- |
| २५ | फोहरमैला व्यवस्थापन केन्द्रमा अध्ययन टोलीलागि सहजिकरण एवं व्यवस्थापन शुल्क(प्रति टोली) | | ३०००।- |

(माथि उल्लेखित बाहेकको सेवाहरुको  शुल्क सेवाको किसिम हेरी न.पा.ले निर्णय गरे बमोजिम हुनेछ ।)

**७. ब्यापारिक भवन धनपा ७ बसपार्कको पसलकवलहरुको भाडादर:**

क ब्यापारिक भवनको ब्लक A कवल नं. १ देखि ६ सम्मको कवलहरुको मासिक भाडा रु.४५००।-

ख.ब्यापारिक भवनको ब्लक  A  कवल नं. ७ देखि १४ सम्मको कवलहरुको मासिक भाडा रु.३०००।-

ग.ब्यापारिक भवनको ब्लक C कवल नं. १ देखि ३ सम्मको कवलहरुको मासिक भाडा रु.११,०००।-

घ.ब्यापारिक भवनको ब्लक  D  कवल नं. १२ देखि १४ सम्मको कवलहरुको मासिक भाडा   रु.५,०००।-

ङ. व्यपारिक भवनको ब्लक C अतिरिक्त कवल १ को मासिक भाडादर
रु.५०००।-
च. ब्यापारिक भवनको ब्लक D को २ वटा हलहरु( प्रतिहल मासिक भाडादर
रु.२०,०००।
छ. ब्यापारिक भवनको ब्लक E को हल १ मासिक भाडादर रु
१३,०००।

**८. रेष्टुरेण्ट तथा पसलकवल ध.न.पा. ७ का पसल कवलहरुको मासिक भाडादर:**

क रेष्टुरेण्ट कवल हरुको मासिक भाडादर (भुईतला) रु.८५००।-
ख पसलकवलहरुको मासिक भाडादर (भुई तला) रु.८०००।-
ग सौचालय सहितको डवल कोठा रु.४५००।
घ. सौचालय नभएका साना साईजका कोठाहरु रु.२०००।

**९.ब्यापारिक भवन धनकुटा न.पा. ७ पिपलबोटको भाडाको मासिक दर :**

(क) ब्लक ए (भुई तला) मासिक रु. ६,०००।
(ख) ब्लक बि,सि, डी र सभाहल समेतको मासिक रु ५०,०००।
(उल्लेखित सम्पुर्ण ब्यापारिक पसल कवलहरुको भाडामा मुल्य अभिबृद्धि कर(VAT) समावेश गरिएको छ )

**१०. सरसफाई सेवा शुल्क :(घरको आधारमा लाग्ने)**

(क) देनिक रुपमा सरसफाई सेवा पु-याउदैं आएको क्षेत्रमा मासिक रु.१००।-
(ख) हप्तामा दुई वा तिन पटक सरसफाई सेवा पु-याईएको क्षेत्रमा मासिक रु. रु.७५।-
(ग) हप्तामा एकपटक सम्म सरसफाई सेवा पु-याईएको क्षेत्रमा मासिक रु. ४०।-
(घ) महिनामा १ बा २ पटक सरसफाई सेवा पुर्याएका क्षेत्रमा मासिक रु. ३०।-
(घ) आवाशिय क्षेत्रको लागि (बार्षिक एकमुष्ट) रु. १५०।-
(ङ) कृषि क्षेत्रको लागि (बार्षिक एकमुष्ट) रु. ५०।-

**११. व्यवसायमा लाग्ने सरसफाई शुल्क :**

(च) मुख्य सडकक्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालमा मासिकरु. २००।-
(छ) मुख्य सडक क्षेत्रमा सञ्चालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा रु. १२०।-
(ज) मुख्य सडक क्षेत्रमा सञ्चालित मध्यम स्तरका पसल, व्यवसाय आदिमा रु. ८०।-
(झ) मुख्य सडक क्षेत्रमा सञ्चालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा रु ५०।-
(ञ) शाखा सडक क्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालका लागी
रु.२००।-
(ट) शाखा सडक क्षेत्रमा संचालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा
रु.१००
(ठ) शाखा सडक क्षेत्रमा संचालित मध्यम स्तरका पसल, व्यवसाय आदिमा
रु.७०
(ड) शाखा सडक क्षेत्रमा संचालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा
रु.४०
(ढ) आवाशिय क्षेत्रमा संचालित क बर्गका ब्यापार ब्यवसायमा
रु.६०।-
(ण) आबाशिय क्षेत्रमा संचालित मध्यम तथा न्युन प्रकृतीका ब्यवसायमा
रु.४०।-

**(१२) विभिन्न आय ठेक्काको आ.व.२०७९।०८० को लागि न्युनतम ठेक्का अंकको विवरण :**

| ठेक्का स्थान | न्यूनतम अंक बार्षिक |
|---|---|

| | |
|---|---|
| सवारी पार्किङ शुल्क संकलन ठेक्का धनपा ७ र १ बसपार्क | रु.१९,००,००० |
| बिहिबारे हटिया ठेक्का,धनपा ५ | रु.४,००,००० |
| हिले हटिया ठेक्का, धनपा १ | रु.४,००,००० |
| ढुंगा,गिटी,बालुवा आदी संकलन र बिक्रि गर्ने(फोङसुवा,माहाङ, धनकुटे,रुदुवा खोला) | रु.२२,००,००० |
| चमेनागृह, धनपा कार्यालय परिसर | रु.२,००,००० |
| बहुउदेश्यीय भवन,धनपा ६ सल्लेरी | रु.१,००,००० |
| फोहोरमैला व्यवस्थापन केन्द्र धनपा ६,सल्लेरी बाट संकलन हूने कवाडी | रु.५०,००० |

**(१३) धनकुटा नगरपालिका वडा नं.१ र ५ स्थित साप्ताहिक हटियाको पटके हाटबजार सेवाशुल्कको दररेट :**

| सि.नं | व्यापार/ सेवाको किसिम | दर (प्रतिपटक) रू. |
|---|---|---|
| १ | बंगुर, खसी(ठुलो) बिक्रि प्रति गोटा | २५०।०० |
| २ | भैसी,रागा,गोरू,गाई बिक्रि गरेको प्रतिगोटा | ३००।०० |
| ३ | कपडा पसल | १५०।०० |
| ४ | आलुको बिउ(दश पाथी भन्दा बढी) | १००।०० |
| ५ | आलुको बिउ(दश पाथी भन्दा कम) | ५०।०० |
| ६ | जुत्ता चप्पल,घडी रेडियो बिक्रि आदी | १००।०० |
| ७ | मकै,कोदो,चामल आदी अनाज १ मुरी भन्दा कम | ४०।०० |
| ८ | मकै,कोदो,चामल आदी अनाज १ मुरी भन्दा बढी | ८०।०० |
| ९ | सूंगूरको पाठापाठी प्रति गोटा | १००।०० |
| १० | हांस कूखूरा (हूर्किएको) प्रति गोटा | २०।०० |
| ११ | वंगुर,खसी काटेको प्रतिगोटा | २००।०० |
| १२ | रागा काटेको प्रतिगोटा | ३००।०० |
| १३ | चटपटे, हजाम, आईसक्रिम | ५०।०० |
| १४ | सव्जी ,फलफुल खुद्रे | १०।०० |
| १३ | सव्जी फलफुल (धेरै परिमाणको) | ८०।०० |
| १४ | श्रृंगारका सामान | ८०।०० |
| १५ | माटोको भाडा वर्तन | ५०।०० |
| १६ | अदूवा,लसून,खूर्सानी,वेसार,सूर्ती सुकेको | ३०।०० |
| १७ | फलफूल विक्री(धेरै परिमाणमा) | ८०।०० |
| १८ | परेवा प्रति जोडी | २०।०० |
| १९ | चिया नस्ता पसल | ५०।०० |
| २० | जिरा मरिच, मसला तथा किराना | ८०।०० |
| २१ | माछा प्रति पेरूङ्गोको | २०।०० |
| २२ | मास,भटमार, बोडी, तेलहन,बदाम आदी १० पाथी सम्म | ५०।०० |
| २३ | मास,भटमार, बोडी, तेलहन,बदाम आदी १० पाथी भन्दा बढी | १००।०० |
| २४ | घरेलु हतियार खुकुरी, बन्चरो चुलेसी हरिया आदी बिक्रि | ५०।०० |
| २५ | काचो तथा भुटेको बदाम बिक्रि | ५०।०० |
| | पशु बध स्थलको स्टलमा मासु बिक्रि गरेको प्रति स्टल | २००।०० |
| २६ | उल्लेखित वाहेक व्यापार तथा सेवाको किसिमका आधारमा रू. २०।०० देखी रू. २००।०० सम्म लगाउन सक्ने । | |

(साप्ताहिक हाटबजारमा रहेका ब्यापारिक सेड तथा सर्टरहरुको भाडा स्थानीय बजार दर तथा ब्यवसायिहरुको सहमती समेतका आधारमा ठेकेदारले निर्धारण गरी लागु गर्ने ।)

## )ख विनियोजन (**ऐन २०७९**

नगरपालिकाको आर्थिक बर्ष २०७९/२०४० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन **ऐन २०७९**

**प्रस्तावनाः**

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम धनकुटा नगर कार्यपालिकाले योविनियोजन ऐन **२०७९** बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

  १. यस ऐनको नाम "धनकुटा नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

  २. यो ऐन नगरसभाको अधिवेसनबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष** २०७९/२०८० **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

  १. आर्थिक वर्ष २०७९/२०८० को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची – १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६५४०६५000/- (पैसठ्ठी करोड चालिस लाख पैसठ्ठी हजार रुपैया मात्रमा ( नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

  १. यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त धनकुटा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

  २. उपदफा )१मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका (, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको प्रतिशतमा नबढ्ने 25 गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्चजनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

  तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

  ३. उपदफा )२मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत ( प्रतिशत भन्दा बढ्ने गरी 25 रकमको कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

  ४. विनियोजन विधेयकमा सम्लग्न नगर तथा वडास्तरिय योजना तथा कार्यक्रमहरु अनुसुचि -२ मा उल्लेख गरिएको छ ।

अनुसुचि -१

(सँग सम्बन्धित 2 विनियोजन ऐनको दफा)

**संचितकोषबाट विनियोजन हुने रकम ६५४०६५०००।०**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र .सं. | आय शिर्षक | प्रस्तावित आय | चालू खर्च | पूजीगत खर्च | वितिय व्यवस्था |
| १ | समानिकरण अनुदान - संघ | नगरकार्यपालिका | ३३८९७२० | ८५२१०२८० | ० |
| २ | समानिकरण अनुदान - संघ | वडा स्तरमा | ० | ५९००००० | ० |
| ३ | शसर्त अनुदानसंघ - | विषयगत समिति | २४४९००००० | ६६९००००० | ० |
| ४ | समपुरक अनुदानसंघ - | | ० | ११०००००० | ० |
| ५ | समानिकरण अनुदान - प्रदेश | | ८०४०००० | ० | ० |
| ६ | शसर्त अनुदानप्रदेश - | | २१३२००० | ३७०५००० | ० |
| ७ | समपुरक अनुदानप्रदेश - | | ० | १०००००० | ० |
| ८ | राजस्व बाँडफाँडसंघ - | मु.क.अ. | १०१४८४००० | ० | ० |
| ९ | राजस्व बाँडफाँडप्रदेश - | सवारि साधन कर | ८१२४००० | ० | ० |
| १० | रजिष्ट्रेशन शुल्क | मालपोत कार्यालय | ७०००००० | ० | |
| ११ | आन्तरिक स्रोत | आराजस्व . | ३५६८०००० | ६०००००० | १५००००० |
| **जम्मा** | | | ४१०७४९७२० | २४१८१५२८० | १५००००० |

अनुसुचि -२

(सँग सम्बन्धित 4 विनयोजन ऐनको दफा)

## निर्णय नं. २

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत रहेका सवै कर्मचारीहरुलाई २०७९ श्रावण १ गतेवाट मासिक रुपमा सङ्घीय सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने तलव भत्ता सरहको तलव भत्ता धनकुटा नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई २०७९ श्रावण १ वाट उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ३

धनकुटा नगर कार्यपालिकाको मिति २०७८।१२।१०, २०७९।३।७, २०७९।३।९,२०७९।३।२३ गते सम्पन्न वैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत करारका कर्मचारीहरुको २०७९ श्रावण १ गते देखि २०८० असार मसान्त सम्मको आवसयकता र औचित्यका आधारमा करार सेवाको म्याद थप गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

धनकुटा नगरपालिकाको चालु आ.व. २०७९।०८० असार महिना सम्मको आन्तरिक आयको समिक्षात्मक छलफल गरियो गत विगतको उठ्न वाकी राजस्व तथा अन्य भाडा र ठेक्काको किस्ता असुल उपरका लागि सार्बजनिक सुचना प्रशासरण गर्ने गराउने ,अनुगमन गर्ने गरी असुल उपर गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. ६

धनकुटा नगरपालिकाको चालु आ.व. २०७८।०७९ को आन्तरिक आय ठेक्का अन्तर्गतको फोङसुवा खोला,माहाङ खोला, धनकुटा खोला तथा रुदुवा खोलाको ढुंगा, गिटी, बालुवा आदी संकलन तथा बिक्रि गर्ने ठेक्का सन्चालक धनकुटा न.पा. ६ स्थायी ठेगाना भएका एस्मी एण्ड अमिसा कन्ट्रक्सन का प्रोपाईटर मनोज कुमार राईले मिति २०७८।११।१३ गते निवेदन पेश गरि २०७८ साल कार्तिक महिनामा परेको भिषण र अबिरल बर्षाद्को कारण उल्लेखित खोला क्षेत्रमा जाने कच्चि सडक क्षेत्र सिरसिरे भिरमा ठुलो पहिरो गएको कारण लामो समय सम्म यातायात अवरुद्ध भएको तथा उल्लेखित खोलाहरुमा बाढीले लेदो बगाएर ल्याई खोलामा रहेको निर्माण सामाग्रीलाई बाक्लो गरी ढाकेको कारण आफुले उल्लेखित मिति देखिनै निर्माण सामाग्रीहरु संकलन तथा बिक्रि गर्न नसकेको र बाँकी समयमा समेत उक्त स्थानहरुबाट निर्माण सामाग्रीहरु संकलन तथा बिक्रि हुने सम्भावना नभएकोले उक्त मिति २०७८ देखि नै लागु हुने गरि ठेक्का सम्झौता रद्ध गरिपाउँ भनि निवेदन पेश गरेको सम्वन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७८।१२।१० गते बसेको नगर कार्यपालिकाको बैठकले ध.न.पा.७ का तत्कालिन वडाध्यक्ष श्री जंग बहादुर राईको संयोजकत्वमा अनुगमन समिति गठन गरि कार्यादेश दिएको र उक्त समितिले स्थलगत अध्ययन गरी पेश गरेको प्रतिवेदन अनुसार निवेदकको माग दाबी सहि सत्य भएको देखिएकोले निज अस्मि एण्ड अमिसा कन्ट्रक्सनका प्रोपाईटर मनोज कुमार राइले वुझाएको पहिलो किस्ता रकम र धरौटी रकम जफत गरी निजसंग धनकुटा नगर कार्यपालिकाको कार्यालयले गरेको आ.व. २०७८।०७९ को ढुंगा, गिटी, बालुवा आदी संकलन तथा बिक्रि गर्ने ठेक्का को सम्झौता मिति २०७८ मंसिर १ गते देखि लागु हुनेगरी रद्ध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

आगामी आ.व.को राजस्व सँकलनको निम्नानुसारको कार्य योजना स्वीकृत गर्ने निर्णय गयिो ।

| क.स. | गतिबिधी | सम्पन्न गर्ने समय | सम्भाव्य लागत | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यवसायकर, बहालकर,सम्पत्तिकर तथा भुमीकर आदी अशुली | नियमित(बषै भरी) | - | राजस्व प्रशासन उप शाखा तथा सवै वडा कार्यालयहरु | |
| २ | आय ठेक्का व्यवस्थापन | २०७९ आषाढ मसान्त भित्रमा | - | राजस्व प्रशासन उप शाखा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | व्यापारिक संरचनाहरुको भाडा अशुली | सम्झौताको आधारमा बर्षै भरी नियमित | - | राजस्व प्रशासन उप शाखा | |
| ४ | तोकिएका दस्तुर,शुल्क, सेवाशुल्क आदी अशुली | नियमित(बर्षै भरी) | - | सबै वडा कार्यालयहरु | |
| ५ | बहालकर तथा ब्यवसायकरको लागि सफ्टवेयर खरिद र तथ्यांक सफ्टवेयरमा ब्यवस्थापन | २०७९ श्रावण १ देखि | २,००,००० | प्र.प्र.अ /राजस्व प्रशासन उपशाखा | |
| ६ | ब्यवसाय कर को अद्यावधिक स्थलगत लगत संकलन कार्य(सवै वडा) | २०७९ मंसिर पहिलो हप्ता देखि फागुन मसान्त सम्म | १,००,००० | प्र.प्र.अ./ राजस्व प्रशासन उपशाखा | आन्तरिक प्रशासनिक कार्य सचालन |
| ७ | स्विकृत संगठन संरचना बमोजिम शाखामा तहगत कर्मचारी ब्यवस्थापन | आ.व.२०७९/०८० भित्र | - | प्र.प्र.अ. | |
| ८ | बहाल बिटौरी करको लागि स्थलगत सर्भे र तथ्यांक संकलन कार्य(सवै वडामा) | २०७९ पहिलो हप्ता माघ देखि फागुन मसान्त सम्म | - | प्र.प्र.अ./राजस्व प्रशासन उपशाखा | |
| ९ | ब्यवसाय दर्ता तथा नबिकरण,बहाल कर, सरसफाई शुल्क आदीको नियमित बजार अनुगमन | २०७९ मंसिर पहिलो हप्ता देखि २०८० आषाढ मसान्त सम्म | - | राजस्व प्रशासन उपशाखासंगको समन्वयमा नगरप्रहरी | |
| १० | राजश्व संभाव्यता अध्ययन | २०७९ कार्तिक मसान्त भित्र | - | प्र.प्र.अ./राजस्व प्रशासन उपशाखा | |
| ११ | कर सुचनामुलक होडिङ बोर्ड राख्ने( मुलघाट, धनकुटा र हिले ३ ठाउँमा) | २०७९ मंसिर मसान्त सम्ममा | - | प्र.प्र.अ./राजस्व प्रशासन उपशाखा | |
| १२ | स्थानीय रेडियो तथा पत्रपत्रिकामा कर सम्वन्धि सुचना, सन्देश एवं जानकारी प्रशारण प्रकाशन | २०७९ बैशाख पहिलो हप्ता देखि आषाढ मसान्त सम्म | ५०,००० | प्र.प्र.अ./राजस्व प्रशासन उपशाखा | |
| १३ | कर सम्वन्धि महत्वपुर्ण जानकारी समेटीएको लिफलेट प्रकाशन | २०७९ पौष मसान्त भित्र | - | प्र.प्र.अ./राजस्व प्रशासन उपशाखा | |
| १३ | उत्कृष्ठ करदाता, उद्यमी, ब्यवसायी मध्य ३ जनालाई सम्मान तथा पुरस्कार | २०८० आषाढको नगरसभा बाट | ५०,००० | प्र.प्र.अ./राजस्व प्रशासन उपशाखा | |
| १४ | समपत्तिकरको क्षेत्रगत मूल्यांकन संसोधन,बिश्लेषण र दर समायोजन | २०७९ पौष मसान्त सम्ममा | २,००,००० | प्र.प्र.अ./राजस्व प्रशासन उपशाखा | |

**निर्णय नं. ७**

धनकुटा नगरपालिकावाट सञ्चालन हुने पूर्वाधारसँग सम्वधित सवै योजनाहरुवाट निम्नानुसार कट्टा गर्ने निर्णय गरियो ।

मर्मत संभार कोष २ प्रतिशत
कन्टिन्जेन्सि २ प्रतिशत
वातावरण संरक्षण कोष १ प्रतिशत

**निर्णय नं. ८**

धनकुटा नगरपालिका क्षेत्र भित्र क्रियाशील गैर सरकारी संघ संस्था तथा विकास साझेदारवाट आर्थिक वर्ष २०७९/८० मा सञ्चालन हुने कार्यक्रमलाई अनुसूचीमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

धनकुटा नगरपालिका क्षेत्र भित्र क्रियाशील तपसिलमा उल्लेखित गैर सरकारी सँस्थाको आ.व. २०७९/८० को निम्नानुसारको कार्यक्रम नगरविकास योजनामा समावेश गर्ने निर्णय गरियो

## १. गरिवी निवारण तथा ग्रामीण विकास कार्यक्रम– पर्डेप नेपाल

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | कार्यक्रम नयाँ वा पुरानो | लैंगिक रुपमा लाभान्वित समूह | | | | | | जम्मा लगानी र स्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाती | अन्य | जम्मा | म | पु | लगानी रु | स्रोत | |
| १ | झो पु. कार्यक्रम (लुङ्दाङ खोला र कैलेनी खोला) | धनपा १ | क्रमागत | ० | १४४४ | ३२४ | १७६८ | ८७९ | ८८९ | १९००००० | संघिय सरकार | न पा समेत |
| २ | झो पु. कार्यक्रम - मालवासे वाट भिरगाउ गर्ने | धनपा२/३ | आ. व ७९/८० मा हुने | १० | १५०० | ५०० | २००० | १००० | १००० | २०००००० | १ नं प्रदेश सरकार | |

## २ . हुसाडेक नेपाल, धनकुटा

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | नयाँ वा पुरानो | लैगिक रुपमालाभान्वित | | | | | | जम्मा लगानी र स्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाती | अन्य | जम्मा | म | पु | लगानी रु | स्रोत | |
| १ | मानव अधिकार अनुगमन | धनकुटा जिल्ला | पुरानो | | | | | | | ५०,०००। | संस्था स्वंय | जिल्ला वासी सवै |
| २ | दिवस समारोह | धनकुटा न.पा. | पुरानो | २०० | ५०० | ६०० | १३००० | ६०० | ७०० | ५००००।० | संस्था स्वंय | |
| ३ | सवैका लागि पढाई कार्यक्रम | धनकुटा न.पा | नयाँ | २०० | ४०० | ६०० | १२०० | ८०० | ४०० | ६०००००। | हेन्डीक्याप ईन्टर नेस्नल, विश्व शिक्षा, नेपाल सरकार/युएसएआईडी | |
| ४ | महिलालाई कामहरु, कुशल र प्रभावकारी रुपमा सम्पन्न गर्न मद्दत गर्ने लैङ्गिकमैत्रि प्रविधिहरु सम्वन्धि सचेतना अभियान | धनकुटा न.पा | नयाँ | ५० | १५० | ३०० | ५०० | ३०० | २०० | ३००००। | संस्था | |
| ५ | वित्तिय साक्षरता र व्यवस्थापन सम्वन्धि तालिम प्रदान | धनकुटा न.पा | नयाँ | ६५ | १५५ | ३५० | ५७० | ३७० | २०० | ३००००। | संस्था | |
| ६ | जलवायु स्मार्ट गाउँहरु सम्वन्धि सचेतना अभियान संचालन गर्ने | धनकुटा न.पा | नयाँ | ६५ | १५५ | ३५० | ५७० | ३७० | २०० | ३००००। | संस्था | |
| ७ | श्रोत केन्द्र व्यवस्थापन | धनकुटा न.पा. | पुरानो | ३०० | ५०० | ५०० | १३०० | ७०० | ६०० | १०००००।०० | संस्था | |

३. हाम्रो बहुमुखी पाठशाला, धनकुटा

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम हुने स्थान | कार्यक्रम नयाँ हो वा पुरानो | लैगिक रुपमालाभान्वित | | | | | | जम्मा लगानी र स्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जन जाती | अन्य | जम्मा | म | पु | लगानी रु | स्रोत | |
| १ | नृत्य, संगीत, चित्रकला,अभिनय नियमित प्रशिक्षण | धनकुटा न.पा. | पुरानो | २०० | ३५० | ४५० | १००० | ८०० | २०० | २०००००।०० | संस्था स्वंयम | |
| २ | नटराज कलाकार (नृत्य प्रतियोगीता) | धनकुटा न.पा. | पुरानो | ५० | १२० | १८० | ३५० | २०० | १५० | २०००००।०० | संस्था स्वंयम | |
| ३ | स्थलगत चित्रकला कार्यशला | धनकुटा न.पा. | पुरानो | १० | २० | ३० | ६० | २० | ४० | २०००००।०० | संस्था स्वंयम | |
| ४ | दिवस समारोह | धनकुटा न.पा. | पुरानो | २०० | ३५० | ४०० | ९५० | ७५० | २०० | ५००००। | संस्था स्वंयम | |
| ५ | कलाकार कोष निर्माणका लागि उधोग जन्य कार्यक्रम | धनकुटा न.पा. | नया | २०० | ३५० | ४५० | १००० | ८०० | २०० | २०००००।०० | संस्था स्वंयम . | |
| ६ | विद्यालय वालवालिकालाई हाते दुना टपरी निर्माणा तालिम | धनकुटा न.पा. | नयाँ | ५ | २० | २० | ४५ | २० | २५ | २०००००।०० | संस्था स्वंयम | |
| ७ | वातावरण सम्वन्धि सचेतना/हस्तकला समाग्री निर्माण कार्यक्रम | धनकुटा न.पा. | नया | २०० | ३५० | ४५० | १००० | ८०० | २०० | २०००००।०० | संस्था स्वंयम | |

४. सामुदायिक विकास मञ्च

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | कार्यक्रम नयाँ हो वा पुरानो | लैगिक रुपमा लाभान्वित | | | | | | जम्मा लगानी र स्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाती | अन्य | जम्मा | म | पु | लगानी रु | स्रोत | |
| १ | महिला नेतृत्व विकास कार्यक्रम | वडा नं. ७ र ८ | नयाँ | ८ | ३५ | १७ | ६० | ६० | ० | ३००००० | | |
| २२ | जनप्रतिनीधी क्षमता विकास कार्यक्रम | वडा नं. ७, ८ र ९ | नयाँ | २ | २० | ४ | २६ | ७ | १९ | २००००० | | |
| | **जम्मा** | | | **१०१०** | **२०३५** | **१३०२१** | **३६०८६** | **१८०६७** | **१८०१९** | **५००००००** | | |

५. सामुदायिक विकास तथा परिवर्तन केन्द्र धनकुटा

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | कार्यक्रम नयाँ हो वा पुरानो | लैगिक रुपमा लाभान्वित | | | | | | जम्मा लगानी र स्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाती | अन्य | जम्मा | म | पु | लगानी रु | स्रोत | |
| १ | सामाजिक असमानताको अन्त्य र भेदभाव रहित समाजको स्थापना | धनकुटा जिल्लाका सातै स्थानिय तहहरुमा | नयाँ | | | | | | | ३० लाख | प्रदेश सरकार | |
| २ | न्यायमा पहुँच र कानूनी शासन सुनिश्चितता | धनकुटा जिल्लाका सातै स्थानिय तहहरुमा | नयाँ | | | | | | | २५ लाख | प्रदेश सरकार | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शान्ति, सुरक्षा र हिंसा रहित समाजको स्थापना | धनकुटा जिल्लाभरका सम्पुर्ण क्यामपसहरु | नयाँ | ४० | १६० | २२५ | ४२५ | २०० | २२५ | २१ लाख | प्रदेश सरकार | |
| ४ | सुशासन र भ्रष्टाचार नियन्त्रण | धनकुटा जिल्लाका सातै स्थानिय तहहरुमा | नयाँ | | | | | | | ३५ लाख | प्रदेश सरकार | |
| ५ | समावेशी सहभागिता र निर्णय प्रक्रिया | धनकुटा जिल्लाका सातै स्थानिय तहहरुमा | नयाँ | | | | | | | ५० लाख | सबै स्थानिय तहहरु अनुरोध गर्ने | |

## निर्णय नं. १०

धनकुटा नगरपालिका क्षेत्र भित्र भूकम्प पिडित र बाढी पहिरो पिडितले भवन निर्माण गर्न घर नक्सा पास गर्दा लाग्ने नियमानुसारको शुल्क छुट दिने निर्णय गरियो ।